इटहरी उप-महानगरपालिका

Itahari Sub-Metropolitan City

नगर कार्यपालिकाको कार्यालय

Office of Municipal Executive

इटहरी, सुनसरी ।

पत्र संख्या-२०८०/०८१, (शिक्षा युवा तथा खेलकुद महाशाखा) कोसी प्रदेश, नेपाल

चलानी नं.- Koshi Province

## कक्षा ११ मा छात्रवृत्तिका लागि आवेदन फाराम भर्ने सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मितिः २०८१।०३।२१ गते शुक्रबार)**

इटहरी उपमहानगरपालिका अन्तर्गतका संस्थागत शिक्षण संस्थामा कक्षा ११ मा भर्ना भई छात्रवृत्ति कोटामा अध्ययन गर्न इच्छुक SEE परीक्षा उत्तीर्ण विद्यार्थीहरूले **मिति २०८१ आषाढ २३ गतेदेखि श्रावण ६ गते दिनको ३:०० बजेभित्र** तपसिलको विवरण अध्ययन गरी यस इटहरी उपमहानगरपालिकाको वेबसाइट www.itaharimun.gov.np मा राखिएको छात्रवृत्ति फाराम डाउनलोड गरी उक्त फाराममा भएको विवरण भरी शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

द्रोणप्रसाद दाहाल

शाखा प्रमुख

प्रमुख

शिक्षा, युवा तथा खेलकुद शाखा

**तपसिलः**

**१. परीक्षा मिति, समय र केन्द्र कार्यालयको वेबसाइटमा पछि प्रकाशित गरिनेछ ।**

२. **छात्रवृत्ति कोटा र सिफारिसः** इटहरी उपमहानगरपालिका क्षेत्रभित्रका संस्थागत शिक्षण संस्थामा पढाई हुने विषयका आधारमा कुल भर्ना क्षमताको १० प्रतिशत सङ्ख्याका आधारमा प्राप्त हुने सङ्ख्यालाई शतप्रतिशत सङ्ख्या मानी उक्त शतप्रतिशत सङ्ख्यालाई देहायबमोजिम वितरण गरी छात्रवृत्तिको कोटा निर्धारण गरिनेछ ।

(१) खुला समूह- जेहेन्दार ५५ प्रतिशत

(२) समावेशी समूह छात्रवृत्ति ४५ प्रतिशत

(३) समावेशी समूहका लागि वितरित ४५ प्रतिशत छात्रवृत्ति कोटालाई शतप्रतिशत मानी देहायको प्रतिशतका आधारमा निर्धारण गरी वितरण गरिनेछ ।

क. महिला- ३० प्रतिशत

ख. विपन्नता- २० प्रतिशत

ग. जनजाति\आदिवासी-१६ प्रतिशत

घ. मधेशी- १४ प्रतिशत

ङ. दलित- ८ प्रतिशत

च. सीमान्तकृत- ७ प्रतिशत

छ. अपाङ्ग- ५ प्रतिशत

(४) कुनै समावेशी समूहका लागि निर्धारण गरिएको कोटामा विद्यार्थी छनौट नभएमा वा कोटा पुरा नभएमा उक्त कोटा खुला समूहमा गणना गरिने छ ।

इटहरी उप-महानगरपालिका
Itahari Sub-Metropolitan City
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
इटहरी, सुनसरी ।
(शिक्षा युवा तथा खेलकुद महाशाखा)
कोसी प्रदेश, नेपाल
Koshi Province

पत्र संख्या-२०८०/०८१,
चलानी नं.-

(५) **छात्रवृत्तिका लागि आवेदन दिन आवश्यक पर्ने न्यूनतम योग्यताः** खुला (जेहेन्दार) समूहका लागि SEE मा न्यूनतम २.४ GPA र समावेशी कोटाका २.० GPA ल्याई सबै विषय उत्तीर्ण गरेको हुनुपर्ने ।

(६) **आवेदकले पेश गर्नुपर्ने कागजातहरुः**

क. हालसालै खिचिएको पासपोर्ट साईजको फोटोसहितको तोकिएको विवरण भरिएको आवेदन फाराम ।

ख. SEE को प्रवेशपत्र र ग्रेडसिटको प्रतिलिपि (ग्रेडसिट अनलाइन प्रिन्ट भएपनि हुने) ।

ग. नागरिकताको प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

घं. समावेशी समूहका लागि छात्रवृत्तिमा आवेदन पेश गर्ने आवेदकले थप कागजातहरुसहित पेश गर्नुपर्ने छः

- आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सूचीकृत जातिभित्रको थर हो भनी प्रमाणित गराएको कागजात ।
- दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सूचीकृत जातिभित्रको थर हो भनी प्रमाणित गराएको कागजात ।
- मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेशी भनी प्रमाणित गराएको कागजात ।
- विपन्नताको हकमा आवेदकको स्थायी ठेगाना भएको स्थानीय तहअन्तर्गतको सम्बन्धित वडाबाट विपन्न परिवारको सदस्य भएको सिफारिसपत्र ।
- अपाङ्गताको हकमा सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।
- सिमान्तकृत समूहको हकमा नेपाल सरकारले तोकेको सिमान्तकृत समूहभित्र भएको आधारमा ।

(७) **छात्रवृत्ति छनौट परीक्षाको पाठ्यक्रम, परीक्षा प्रणाली र छनौट प्रक्रियाः**

क. कक्षा ९ र १० को नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान पाठ्यक्रमको परिधिभित्र रही १०० पूर्णाङ्कको वस्तुगत (बहुबैकल्पिक उत्तरात्मक प्रश्न) लिखित परीक्षा सञ्चालन गरी सबैभन्दा प्राप्ताङ्क हासिल गर्ने उम्मेदवारलाई पहिलो प्राथमिकताका आधारमा छनौट गरिने छ ।

ख. वस्तुगत (बहुवैकल्पिक उत्तरात्मक प्रश्न) परीक्षाको अङ्क विभाजन तथा परीक्षा योजनाः

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न सङ्ख्या र अङ्क | समय |
|---|---|---|---|---|
| नेपाली | २५ | वस्तुगत बहुवैकल्पिक प्रश्नहरु | २५X१= २५ | १ घण्टा ३० मिनेट |
| अङ्ग्रेजी | २५ | | २५X१= २५ | |
| गणित | २५ | | २५X१= २५ | |
| विज्ञान | २५ | | २५X१= २५ | |

प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा

# इटहरी उप-महानगरपालिका
## Itahari Sub-Metropolitan City
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
इटहरी, सुनसरी ।
(शिक्षा युवा तथा खेलकुद महाशाखा)

कोसी प्रदेश, नेपाल
Koshi Province

पत्र संख्या-२०८०/०८१,
चलानी नं.-

(८) **छात्रवृत्तिसम्बन्धी थप जानकारीः**

क. छात्रवृत्ति परीक्षामा सहभागी हुन एउटा आवेदकले खुला र समावेशी समूहको कुनै एक कोटाका लागि मात्र आवेदन दिन पाउनेछ।

ख. म्याद नाघि आएका र रितपूर्वक पेस नभएका निवेदन उपर कारवाही हुने छैन।

ग. कुनै आवेदकले झुट्टा विवरण उल्लेखित कागजात पेश गरेको प्रमाणित हुन आएमा त्यस्तो आवेदकको आवेदन फाराम जुनसुकै बखत रद्द गरिनेछ।

घ. आवेदकलाई आवेदन फाराम बुझाएकै दिन आवेदन फाराम बुझाएको स्थानबाट प्रवेशपत्र वितरणको व्यवस्था मिलाइनेछ । छात्रवृत्ति परीक्षा दिन आउँदा उक्त प्रवेशपत्र अनिवार्य रुपमा लिएर आउनुपर्नेछ । अन्यथा परीक्षामा सहभागी गराइनेछैन।

ङ. छात्रवृत्ति छनौटका लागि परीक्षा सञ्चालन मिति र केन्द्र पछि तोकिने छ।

च. छात्रवृत्ति परीक्षासम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ । छात्रवृत्ति परीक्षाका सम्बन्धमा कुनै विवाद भएमा कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ।

**सादर अवगतार्थः**

क. श्रीमान् नगर प्रमुखज्यू, इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी।

ख. श्रीमान् नगर उपप्रमुखज्यू, इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी।

**बोधार्थः**

क. श्री नगर प्याबसन/एन प्याबसन/हिसान, इटहरी, सुनसरी।- सम्बन्धित विद्यालयहरुमा आवश्यक समन्वय गर्नु हुन।

ख. कक्षा ११, १२ संचालित संस्थागत विद्यालयहरू- सूचना बमोजिम विद्यार्थीहरूलाई सूचना तथा समन्वय गर्नु हुन।

ग. सूचना तथा प्रविधि शाखा-सूचना तथा फाराम वेवसाइटमा अपलोड गर्नु हुन।

**प्रमुख**
शिक्षा, युवा तथा खेलकुद शाखा